annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक १७, पृष्ठ ८ | काठमाडौं, आइतबार ३ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | SUNDAY, MAY 17, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार

# कछुवा गतिमा राष्ट्रिय गौरवका आयोजना




आर्थिक रूपान्तरणको मुख्य संवाहक बन्ने सपनासहित सरकारले घोषणा गरेका 'राष्ट्रिय गौरव' का २७ ठूला आयोजना अहिले देशका लागि उल्टै भारी बन्दै गएका छन् । यी आयोजनाहरूको संशोधित लागत संसद्को बजेटजत्तिकै अर्थात् २४ खर्ब १५ अर्ब ६ करोड ९७ लाख रुपैयाँको उचाइमा पुगिसकेको छ । तर, विकासको ढुकुटीबाट जम्मा ५ खर्ब ४ अर्ब रुपैयाँ मात्र खर्च हुन सकेको छ ।

**सुनिता कार्की** | *काठमाडौं*

विस्तृत पृष्ठ २

टिप्पणी

## सामान्य आयोजना र गौरवका आयोजनामा फरकै भएन



**किशोर थापा**, पूर्वसचिव

नेपालमा राष्ट्रिय गौरवका आयोजनाको अवधारणा देशकै आर्थिक-सामाजिक रूपान्तरण गर्ने र आमनागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ ल्याइएको हो। तर, अहिले एउटा आकर्षक नारा र नाममा मात्र सीमित हुन पुगेको छ। वास्तवमा राष्ट्रिय गौरव भन्नाले सिंगो देश, आमजनता, सम्पूर्ण राजनीतिक दल र राज्यका सम्बद्ध सबै निकायले अपनत्व ग्रहण गर्दै सामूहिक गौरवको रूपमा लिनुपर्ने विषय हो, तर व्यवहारमा यस्तो संस्कृतिको सर्वथा अभाव देखिन्छ।

यी आयोजनाहरू सिंगो राष्ट्रको साझा प्राथमिकता बन्नुको सट्टा सम्बन्धित मन्त्रालयको मात्रै एकांकी जिम्मेवारी जस्तो बन्न पुगेका छन्। एउटा मन्त्रालयले अघि बढाएको काममा अर्को मन्त्रालयले आवश्यक समन्वय र सहयोग नगर्ने परिपाटी संस्थागत भएको छ। ठूला पूर्वाधार निर्माणमा वन तथा वातावरण मन्त्रालयको स्वीकृति, भूमि व्यवस्था मन्त्रालयमार्फत हुने जग्गा प्राप्ति र मुआब्जा वितरण जस्ता अन्तर-निकाय समन्वयका गम्भीर समस्याहरूले गर्दा आयोजनाहरू वर्षौंसम्म गन्तव्यहीन बन्ने गरेका छन्।

स्थानीय निकायहरूबाट समेत अपेक्षाकृत सहयोग प्राप्त नहुँदा फिल्डस्तरमा काम गर्ने वातावरण बन्न सकेको छैन। अचम्मको कुरा त के छ भने, आयोजना प्रभावित क्षेत्रका कतिपय स्थानीय नागरिक र स्वयं काम गर्ने तल्लो तहका कर्मचारी तथा निर्माण व्यवसायीहरूलाई समेत आफूहरूले काम गरिरहेको आयोजना राष्ट्रिय गौरवको हो भन्ने कुराको आभास नै हुँदैन।

आयोजना व्यवस्थापन कार्यालयको कार्यशैली, स्रोत परिचालन र जनशक्तिको प्रकृति हेर्दा यो कुनै अन्य सामान्य आयोजनाभन्दा फरक देखिँदैन। यसैका कारण राष्ट्रिय गौरव भनिएका पूर्वाधारहरूमा पनि १६ प्रतिशतदेखि ८१ प्रतिशतसम्मको असमान र सुस्त प्रगति मात्रै फेला पर्ने गरेको छ। कुनै पनि आयोजनालाई द्रुत गतिमा सम्पन्न गर्न वित्तीय लगानी मात्र पर्याप्त हुँदैन, बरु त्यसका लागि उच्च दक्ष जनशक्तिको निरन्तरता, अत्याधुनिक प्रविधिको प्रयोग र मन्त्रिपरिषद् स्तरबाटै तत्काल नीतिगत बाधा-अड्चन फुकाउने राजनीतिक तत्परता आवश्यक पर्छ, जुन अहिलेका आयोजनाहरूमा कतै पनि देख्न पाइँदैन।

बाँकी पृष्ठ ६

# भारतले बढायो नाकामा निगरानी

## प्रविधियुक्त जाँचले यात्रा झन्झट

**जे पाण्डे** | *नेपालगन्ज*

भारत सरकारले नेपाल-भारत सीमा नाकाबाट हुँदै आएको सहज आवागमनमा कडा निगरानी बढाउन थालेको छ। त्यसका लागि नाकाको मुख्य मार्गमा आधुनिक एवं उच्च प्रविधियुक्त जाँच प्रणालीहरू जडान गरिएका छन्।

ती अत्याधुनिक उपकरणहरूले आवतजावत प्रक्रियालाई पहिलेको तुलनामा बढी निगरानीयुक्त र झन्झटिलो बनाएको यात्रुहरूको गुनासो छ। भारतले सीमानाकामा सहज आउजाउ नियन्त्रण गर्ने गरी 'फेस' र 'आईडी' स्क्यानर जडान गरेको छ। ती स्क्यानरले यात्रुको अनुहार र परिचयपत्रको तस्बिर खिचेर प्रमाणीकरण गरेपछि मात्र अगाडि बढ्न अनुमति दिने गरेका छन्। त्यसका साथै, यात्रुहरूका सामानको समेत एक्स-रे स्क्यान गर्न थालिएको छ।

'अब केको खुला सीमा भन्नु र! सानो झोलासमेत स्क्यान मेसिनमा राख्न लगाउँछन्। मलाई त यो सुरक्षा जाँच प्रक्रिया तेस्रो मुलुक जाँदाको जस्तै लाग्यो। झोला वा सामानको एक्स-रे स्क्यान गरिने रहेछ। शरीरको मेटल डिटेक्टर वा स्क्यानरबाट जाँच गरिसकेपछि बायोमेट्रिक गरे झैं फोटो लिइन्छ,' अनुहारमा आएको दानाको उपचार गराउन सीमापारि रुपैडिहा पुगेर फर्किंदै गरेकी सुर्खेतकी दुर्गा मगरले भनिन्, 'फर्किंदासमेत नाम दर्ता गराएर मात्र आउन पाइयो।'




**जोगवनी नाकामा कडाइ गरेपछिको भीड ।** ● अन्नपूर्ण

सीमानाकानजिकै भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले प्रत्येक व्यक्तिलाई भारत प्रवेश गर्नुअघि वा भारतबाट नेपाल आउनुअघि उनीहरूको परिचयपत्र तथा अनुहारको विवरण स्क्यान गर्न थालेपछि आवागमन असहज भएको यात्रुहरूले बताएका छन्। यो झन्झटिलो सुरक्षा जाँच प्रक्रिया पूरा गर्न एक जना यात्रुले कम्तीमा आधा घण्टासम्म लाममा बस्नुपर्ने बाध्यता छ।

भारतीय सुरक्षा अधिकारीहरूले पैदल यात्रुहरूसँगै सीमापार गर्ने सबै प्रकारका सवारीसाधनहरूको समेत विस्तृत विवरण संकलन गर्ने गरेका छन्। उनीहरूका अनुसार अवैध घुसपैठ रोक्नका लागि नेपाल-भारत सीमा नाकाको सुरक्षा जाँच पोस्टमा फेस र आईडी स्क्यानर जडान गरिएको हो। त्यहाँ उन्नत क्यामेरा जडित उच्च प्रविधियुक्त स्क्यानरहरूका साथै ठूलो संख्यामा सीसी क्यामेराहरू जडान गरिएका छन्। अब भारत प्रवेश गर्नुअघि व्यक्तिको अनुहारको पहिचान परिचयपत्रको विवरणसँग भिडाउने गरिन्छ।

पाकिस्तानी तथा अन्य विदेशी नागरिकहरूले वैध भिसाबिना नेपालगन्ज नाका हुँदै भारत प्रवेश गर्ने प्रयास गरिरहेको दाबी गर्दै भारतीय पक्षले यस्ता गतिविधि रोक्न तेस्रो मुलुक जाँदा अपनाइने सुरक्षा जाँच जस्तै कडा प्रक्रिया अवलम्बन गरेको हो।

बाँके जिल्लामा नेपाल-भारत सीमा क्षेत्र करिब १२५ किलोमिटर लामो छ। यसको अधिकांश भाग खुला भएकाले अवैध आवतजावतका लागि सहज मार्ग मानिँदै आएको छ। एसएसबी मुख्यालयले हाल भइरहेको यो सुरक्षा जाँच प्रणालीलाई एक 'परीक्षण परियोजना'का रूपमा व्याख्या गरेको छ।

एक भारतीय सुरक्षा अधिकारीले भने, 'यस प्रणालीअन्तर्गत नाकाबाट प्रवेश गर्ने वा बाहिरिने सबै व्यक्तिहरूको डिजिटल स्क्यानिङ गरिँदै आएको छ। यसले यात्रुहरूको सम्पूर्ण विवरण सुरक्षित राख्नुका साथै अनुहारको विशेषता पढ्ने गर्दछ, जसले मानिसहरूको गतिविधि निगरानी गर्न ठूलो सहयोग पुऱ्याउँछ।'

बाँकी पृष्ठ ६

## ट्रम्पपछि चीन जाँदैछन् पुटिन

**बेइजिङ** (एजेन्सी): रूसी राष्ट्रपति भ्लादिमिर पुटिन आगामी मे १९-२० मा बेइजिङको दुईदिने भ्रमणमा जाने भएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनको आफ्नो राजकीय भ्रमण पूरा गरेको २४ घण्टाभन्दा कम समयमै पुटिनको भ्रमण तय भएको हो।

ट्रम्पले पनि बेइजिङमा सी जिनपिङसँग भेट गरी व्यापार तथा इरानमा जारी अमेरिका र इजरायलको युद्धबारे छलफल गरेका थिए। रूसको राष्ट्रपति कार्यालय क्रेमलिनले पुटिनको भ्रमण सन् २००१ को 'सोनो-रूसी मित्रता सन्धि' को २५औं वार्षिकोत्सवको अवसर पारेर तय गरिएको जनाएको छ। दुवै नेताहरूले द्विपक्षीय सम्बन्धका साथै 'प्रमुख अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दाहरू' र आर्थिक सहयोगबारे छलफल गर्ने छन्।

पछिल्ला वर्षहरूमा चीन र रूसबीचको सम्बन्ध निकै प्रगाढ बनेको छ। पुटिनले सेप्टेम्बर २०२५ मा पनि चीनको भ्रमण गरेका थिए। चिनियाँ राष्ट्रपति सीले आफ्ना समकक्षीलाई 'पुराना मित्र' भन्दै स्वागत गरेका थिए। पुटिनले पनि सीलाई 'प्रिय मित्र' भनी सम्बोधन गरेका थिए।

# ७८ वर्षको उमेरमा रिउसराले पाइन् नागरिकता

**जीवन सेजुवाल** | *मुगु*

जन्मदेखि नै बोल्न र सुन्न नसक्ने मुगुकी रिउसरा ऐडीले जीवनको उत्तरार्धमा आएर मात्रै नेपाली नागरिकताको प्रमाणपत्र पाएकी छन्। २००५ साल वैशाख १० गते साविक रोवा गाविस-८ (हाल छायानाथ रारा नगरपालिका-१२, लुम्स) मा जन्मिएकी ऐडीले ७८ वर्षको उमेरमा पहिलोपटक राज्यबाट आफ्नो पहिचान पाएकी हुन्।

रिउसरा ६ वर्षकी हुँदा बुबा धन ऐडी र ७ वर्षकी हुँदा आमा रत्नमती ऐडीको निधन भएको थियो। आमाबुबाको मृत्युपछि उनी र उनकी दिदी पूर्णरूपमा बेसहारा बने। आफ्नो भन्ने कोही नहुँदा दुवै दिदीबहिनीले अर्काको घरमा आश्रय लिनुपऱ्यो। २०३० सालतिर दिदीको पनि मृत्यु भएपछि रिउसरा संसारमा एक्ली भइन्।

उनले साविक पुलु गाविस-१ रिउस (हाल मुगुम कार्मारोङ गाउँपालिका-६) मा लामो समय लामा समुदायको घरमा पशुचौपाया चराएर जीवन बिताइन्। नागरिकता नहुँदा उनले जीवनभर वृद्धाभत्ता, स्वास्थ्य सेवालगायतका राज्यका कुनै पनि सेवा-सुविधा पाउन सकेकी थिइनन्।



**जिल्ला प्रशासन कार्यालय मुगुमा रिउसरा ऐडीलाई नागरिकता प्रदान गरिँदै ।** ● अन्नपूर्ण

**शिक्षकको पहलमा खुल्यो आशाको ढोका**

रिउसराको यो कष्टकर जीवनमा ताखा आवासीय विद्यालयका शिक्षक सीपी लामाले आशाको ढोका खोलिदिए। उनकै सक्रियतामा रिउसरालाई नागरिकता दिलाउने अभियान सुरु भयो। 'हामी सानो हुँदादेखि नै उनलाई दुःखजिलो गरिरहेको देख्थ्यौं। नागरिकता नहुँदा राज्यका सबै सेवाबाट वञ्चित भएकी उनलाई बुढेसकालमा न्याय दिलाउन हामीले जन्मथलो लुम्ससम्म ल्याएर प्रक्रिया सुरु गरेका हौं,' लामाले भने।

स्थानीय आफन्त, वडा कार्यालय र गाउँपालिकाको सहयोगमा आवश्यक प्रक्रिया पूरा भएपछि रिउसराले जिल्ला प्रशासन कार्यालयबाट नागरिकता प्राप्त गरिन्। छायानाथ रारा नगरपालिका-१२ का वडा अध्यक्ष आइतुराम रोकाया भन्छन्, 'बोल्न र सुन्न नसक्ने भएकाले उहाँले जीवनमा धेरै पीडा एक्लै सहनुभयो। यसपालि शिक्षक सिपी लामाले उहाँलाई लुम्स ल्याएपछि हामीले तत्काल आवश्यक सिफारिस गरेर नागरिकता दिलायौं।'